नेपाल सरकार
गृह मन्त्रालय

# नेपाल प्रहरी प्रधान कार्यालय
## केन्द्रीय अनुसन्धान ब्यूरो
(प्रशासन शाखा)

फोन: ०१-४४११७७६
मोबाईल नं.: ९८५१२८३१४०
फ्याक्स : ०१-४४१४३९१
पो.ब.नं.४०७
महाराजगञ्ज, काठमाडौं ।
मिति: २०७९/०४/०३ गते ।

**प्रेस विज्ञप्ती- १**

**"ठगी सम्बन्धि कसूर तथा संगठित अपराधमा फरार प्रतिवादी पक्राउ"**

जिल्ला काठमाडौं, काठमाडौं म.न.पा. वडा नं. १३, सोल्टीमोड स्थित सिभिल सेभिङ् एण्ड क्रेडिट सहकारी संस्थामा आकर्षक ब्याजदर एवं बिभिन्न प्रलोभन समेतमा पारी ठुलो संख्यामा वचतकर्ताहरुलाई रकम जम्मा गर्न लगाई संगठित रुपमा रु. ५,८४,४०,२१,७१३/१० (पाँच अर्ब चौरासी करोड चालिस् लाख एक्काइस हजार सात सय तेह्र रुपैया दश पैसा) ठगी गरेको कसूरमा बिगत ३ वर्ष देखी आफुले वचत गरेको रकमको सावा तथा ब्याज पटक पटक अनुरोध गर्दा समेत नपाई १५३० जना पीडितहरुले यस कार्यालयमा ठगी एवं संगठित अपराध कसूरमा जाहेरी दरखास्त दिई सोही जाहेरी दरखास्तको आधारमा अनुसन्धान सम्पन्न भई मिति २०७८/०८/१७ मा उक्त संस्थाका पूर्व अध्यक्ष ईच्छा राज तामाङ् सहित १२ जना प्रतिबादीहरुलाई पक्राउ गरी सम्मानित काठमाडौं जिल्ला अदालतमा मुद्दा दायर गरेकोमा प्रतिवादी ईच्छा राज तामाङ् र केशवलाल श्रेष्ठ पुपर्क्षको लागि कारागारमा थुनामा रहेको ब्यहोरा अवगत नै छ ।

सोही मुद्दामा सम्मानित काठमाडौं जिल्ला अदालतबाट मिति २०७८।०९।२७ गते पक्राउ पूर्जि जारी भई शुरु देखी नै फरार रहेकी प्रतिबादी उक्त संस्थाका लेखा समिति सदस्य एवं प्रतिवादी ईच्छा राज तामाङ्को पत्नी सिर्जना शाक्य (तामाङ)लाई यस कार्यालयबाट खटीएको प्रहरी टोलिले मिति २०७९/०४/०३ गते, रामशाहपथ, काठमाडौंबाट पक्राउ गरी आवश्यक कानुनी कारबाहीको लागि सम्मानित काठमाडौं जिल्ला अदालतमा पेश गरीएको ब्यहोरा सूचित गरिएको छ ।



**पक्राउ प्रतिवादी:**

| | |
|---|---|
| नाम: | सिर्जना शाक्य (तामाङ) |
| हैसियत | लेखा समिति सदस्य |
| उमेर: | ५७ बर्ष |
| ठेगाना: | जिल्ला धनकुटा, धनकुटा न.पा. ६ हाल जिल्ला काठमाडौं किर्तिपुर न.पा. वडा नं. १ बस्ने । |
| मुद्दा: | ठगी सम्बन्धि कसूर तथा संगठित अपराध |
| पक्राउ मिति: | २०७९।०४।०३ |
| पक्राउ स्थान: | रामशाहपथ, काठमाडौं |

उप निर्देशक
(श्याम कुमार महतो)
प्रहरी उपरीक्षक
प्रवक्ता एवं सूचना अधिकारी
सम्पर्क नम्बर: ९८५१२९१३११
मिति २०७९/०४/०३ गते ।